# उच्च अदालत जनकपुर

एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश श्री डाल कुमार खड्का

**आदेश**

जिल्ला धनुषा जनकपुरधाम उ.म.न.पा. वडा नं. १० बस्ने अधिवक्ता राजकुमार महासेठ... निवेदक

**विरुद्ध**

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं. २ समेत .................................. विपक्षी

मुद्दाः परमादेश/०७७-WO-०५१६

यसमा प्रस्तुत निवेदन र निवेदन संलग्न कागजातहरु अध्ययन गरी निवेदक विद्धान अधिवक्ता श्री राजकुमार महासेठले गर्नु भएको बहस समेत सुनियो।

यसमा के कसो भएको हो? निवेदकको माग बमोजिम परमादेशको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने कुनै आधार र कारण भए सो समेत खुलाई सूचना म्याद तामेल भएका मितिले बाटोको म्याद बाहेक १५(पन्ध्र) दिन भित्र विपक्षी नं. १,२ र ३ ले मुख्य न्यायाधिवक्ताको कार्यालय जनकपुर मार्फत र विपक्षी नं. ४,५ र ६ ले आफै वा कानून बमोजिमको प्रतिनिधि मार्फत तथा विपक्षी नं. ७,८ र ९ ले उच्च सरकारी वकिल कार्यालय जनकपुर मार्फत लिखित जवाफ पेश गर्नु भनि यो आदेश र निवेदनपत्रको प्रतिलिपि समेत साथै राखी विपक्षीहरुको नाउँमा म्याद सूचना जारी गरी लिखित जवाफ परेपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू।

निवेदकले अन्तरिम आदेश माग गरेको तर्फ विचार गर्दा, नेपालको संविधानको धारा १६ ले सम्मानपूर्वक बाच्न पाउने हकलाई प्रत्याभूत गरेको छ। धारा ३५(१) ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने र कसैलाई पनि आकास्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन भनि राज्यले नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्ने कुराको प्रत्याभूत दिलाएको छ र धारा ३५(३) मा प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुच हुने भन्ने संवैधानिक प्रत्यभुति रहेको अवस्था छ। त्यसै गरी जनस्वास्थ्य सेवा ऐन,

२०७५ को दफा ३(१) ले प्रत्येक नागरिकलाई गुणस्तरिय स्वास्थ्य सेवा सहज र सर्वसुलभ रुपमा प्राप्त गर्ने अधिकार हुने भनि उल्लेखित छ साथै ऐ.ऐनको दफा ३(४) ले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवाहरु निःशूल्क प्राप्त गर्ने हक हुने छ। सोही ऐनको दफा ६ ले प्रत्येक स्वास्थ्य संस्थाले उपचारको लागि आएका विरामिलाई आफ्नो स्वास्थ्य संस्थाको संरचना, उपकरण, विशेष सेवा भए सम्म प्रेषण(Refer) गर्न नहुने, दफा ७(१) ले नेपाल सरकारले प्रत्येक नागरिकलाई स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाउने छ र दफा १२ मा उपचार गर्दा सबै सेवाग्राही प्रति सम्मान तथा आदरपूर्ण व्यवहार गर्नु सम्बन्धित स्वास्थ्यकर्मीको कर्तव्य हुने छ भनि कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा हाल विश्व भरी महामरीको रुपमा चलिरअहेको Covid-19 को कहर यस देशले पनि कठिनपूर्वक सामना गरिं आउँदा Covid-19 बाट संक्रमित विरामीहरुले उल्लेखित संविधान एवं कानूनले प्रत्याभूत गरेको सम्मानपूर्वक बाचन पाउने, आधारभूत स्वास्थ्य सेवा निःशूल्क प्राप्त गर्ने र गुणस्तरीय स्वास्थ्य सेवा र स्वास्थ्यकर्मीबाट सम्मान र आदारपूर्ण व्यवहार प्राप्त गर्न पाउने हकलाई राज्यले कुनै पनि बहानामा इन्कार गर्ने वा राज्यको नागरिक प्रतिको दायित्वलाई पन्छाउने काम हुनहुँदैन। तसर्थः संविधान र कानूनले नागरिकको स्वास्थ्य सेवा प्राप्त गर्ने हकलाई तत्कालै कार्यान्वयन गरी सो हक कार्यान्यिनको सुनिश्चित गर्नुपर्ने देखिएकोले उच्च अदालत नियमावली,२०७३ को नियम ४२(१) बमोजिम तत्काल देहायको कार्य गर्नु गरांउनु भनि अन्तरिम आदेश जारी गरिदिएको छ।

क) विपक्षी प्रादेशिक अस्पताल जनकपुरमा उपचार गराउन आएका Covid-19 बाट संक्रमित विरामीहरुलाई स्वास्थ्य मापदण्डको पालना गरी आफ्नो अस्पतालको शैया(Bed) उपलब्ध भए सम्म पूर्ण क्षमतामा विरामीहरुको भर्ना लिई आवश्यक स्वास्थ्य उपचार गर्नु, गराउनु।

ख) विपक्षी प्रादेशिक अस्पतालमा उपचार गराउन आएको विरामीहरुलाई अक्सीजन, PPE, मास्क, औषधीको कृतिम अभाव देखाई उपचार गर्न तथा भर्ना लिन इन्कार गर्न र आफ्नै क्षमताले भ्याउने उपचार आफै नगरी अन्य निजी अस्पतालमा प्रेषण (Refer) नगर्नु नगराउनु र उपचारको लागि आउने विरामीलाई तत्काल भर्ना गरी आवश्यक उपचार गर्नु, गराउनु।

ग) विपक्षी प्रादेशिक अस्पतालमा Covid-19 संक्रमित विरामीको लागि के कति शैया (Bed) छुट्याएको छ सोको विवरण, Covid-19 को विरामी उपचारको लागि के कती कुन स्तरको चिकित्सक एवं स्वास्थ्यकर्मीहरुको व्यवस्था गरिएको छ सोको सम्पूर्ण विवरण तत्कालै यस अदालतमा उपलब्ध गराउनु।

घ) विपक्षी प्रादेशिक अस्पतालमा दैनिकरुपमा के कति Covid-19 बाट संक्रमित विरामीहरुलाई भर्ना गरी उपचार गरियो? उपचारपश्चात दैनिक रुपमा संक्रमणबाट मुक्त भई अस्पतालबाट Discharge भएको हो सो विवरण सहितको प्रतिवेदन प्रत्येक हप्तामा यस अदालतमा पेश गर्न लगाउनु।

ङ) Covid-19 संकट व्यवस्थापन अध्यादेश २०७८ को दफा १६(२)(क) बमोजिम जारी भएको मापदण्ड हालसम्म के कति कार्यान्वयन गर्ने गराएको हो सोको विवरण सहितको प्रतिवेदन र ऐ. अध्यादेशको दफा १६(२)(ख) बमोजिमको Covid-19 रोकथाम, संक्रमितहरुको उपचार सम्बन्धमा के कस्तो कार्ययोजना बनाएको छ सो कार्ययोजना र सोको कार्यान्वयनको अवस्था समेत स्पष्ट देखिने प्रतिवेदन विपक्षी नं. २ बाट पेश गर्न लगाउनु।

च) विपक्षी नं. ७ ले संविधान, ऐन र Covid-19 संकट व्यवस्थापन अध्यादेश २०७८ को दफा १७(२) बमोजिमको मापदण्ड हाल सम्म के कति कार्यान्वयन गरे वा गराएको हो सोको विवरण सहितको प्रतिवेदन तत्काल यस अदालतमा उपलब्ध गराउनु।

यो आदेशको जानकारी विपक्षीहरुलाई यथाशिघ्र गराई नियमानुसार गर्नु।

न्यायाधीश

इति सम्वत् २०७८ साल जेठ महिना १४ गते रोज ६ शुभम्.......................।